# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं: २०८२/८३
सुचना नं. ३९

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/१८/ने.सं.११४६ पोहेलाथ्व १४ शुक्रबार)

यस नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार सम्बन्धी सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्न तथा वैदेशिक रोजगारका सम्बन्धमा अन्तरनिकाय समन्वय गर्न यस कार्यालयको लागि आवश्यक देहाय बमोजिमका पद सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले नियमानुसार तोकिएको दस्तुर यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ओखलढुंगा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजस्व शाखामा नगद बुझाएको सक्कल रसिद सहित कार्यालय समयभित्र दरखास्त दिनुपर्नेछ । आवेदन फाराम, कार्य विवरण सहितको विस्तृत विवरण कार्यालय समयभित्र कार्यालयको प्रशासन शाखा तथा नगरपालिकाको वेवसाइट www.siddhicharanmun.gov.np बाट समेत उपलब्ध हुनेछ।

तपसिलः

| विज्ञापन नम्बर | पद/तह | आवश्यक संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०७।०८२।०८३ | आप्रवासन स्रोत सूचना तथा परामर्श सहजकर्ता (सहायकस्तर पाँचौ) | १ (एक) | रु.७००।- | |

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

- एक्काइस वर्ष पुरा भई चालिस वर्ष ननाघेको महिला,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,
- आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा छ महिना तालिम प्राप्त गरेको,
- प्रचलित कानून बमोजिम अयोग्य नभएको।

**सहजकर्ता नियुक्ति गर्दा देहायको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिईनेछः**

- नेपाली तथा अङ्ग्रेजी भाषाको ज्ञान भएको तथा दुवै भाषामा कम्प्युटर टाइप गर्ने सक्ने,
- अनलाइन डाटा इन्ट्री र प्रतिवेदन सम्बन्धी ज्ञान भएको,
- वैदेशिक रोजगारीबाट फर्किएको,
- सूचना तथा परामर्श सम्बन्धी ज्ञान तथा अनुभव भएको,
- ओखलढुंगा जिल्लाको सामाजिक, राजनीतिक तथा आर्थिक परिवेशको ज्ञान भएको,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्बन्धमा ज्ञान भएको,
- स्थानीय भाषा सामान्य रुपमा जान्न र बुझ्न सक्ने।

Neupane
२०८२।०९।१८
किसान न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं: २०८२/८३
सुचना नं. ३९

आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु: पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

(क) उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) ३ प्रति पासपोर्ट साईजको फोटो,

(घ) अनुभव वा तालिम लिएको भए सो को प्रमाणित प्रतिलिपि।

**थप जानकारी:**

१. **छनौट विधि** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र मौखिक अन्तरवार्ता परीक्षा।

२. **लिखित परिक्षा हुने मिति, स्थान र समय** : पछि प्रकाशन गरिनेछ।

३. **दरखास्त फारम** : नगरपालिकाको कार्यालय तथा वेवसाइटमा उपलब्ध हुनेछ।

४. **दरखास्त दिने अन्तिम मिति** :२०८२।१०।०२ गते कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्टसम्म हुनेछ।

५. **पाठ्यक्रमः** यस कार्यालयले आप्रवासी स्रोत केन्द्र परामर्शकर्तालाई तोकेको पाठ्यक्रम।

६. **दरखास्त दिने स्थान** : सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ओखलढुंगा।

७. **तलवः** स्थानीय तहको सहायकस्तर पाँचौ तहको सुरु तलव स्केल बराबर।

८. कार्यालयको वेवसाइटमा रहेको आवेदन फारम भरेर स्क्यान गरी दस्तुर बुझाई नगरपालिकाको आधिकारिक इमेल ठेगाना **siddhicharanmunicipality@gmail.com** मा समेत दरखास्त पठाउन सकिनेछ।

थप जानकारीको लागि नगरपालिकाको प्रशासन शाखा, ९८५२८४३३३३ मा सम्पर्क गर्न सकिनेछ ।

Neupane
२०८२/१०/११८

किसान न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-३
(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

पासपोर्ट साईजको फोटो

## करार सेवाको लागि दिइने दरखास्त फाराम

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण :

| | | | |
|---|---|---|---|
| विज्ञापन नम्वर : | | पद : | |
| उम्मेदवारको | नाम, थर | (देवनागरिकमा) | |
| | | अंग्रेजी (ठुलो अक्षरमा) | लिङ्ग : |
| | जन्म मिति (वि.सं.) : | (ईस्वि संवतमा) | हालको उमेर : .........वर्ष........महिना |
| | नागरिकता नं. : | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | जिल्ला : | गा.पा./न.पा.: | वडा नं. : |
| | टोल : | घर नं./मार्ग : | फोन नं. : |
| पत्राचार गर्ने ठेगाना: | | | इमेल : |
| बाबुको नाम, थर : | | आमाको नाम, थर : | |
| बाजेको नाम, थर : | | | |

(ख) दरखास्त दिने पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने :

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/तालिम दिने संस्था/बोर्ड | शैक्षिक उपाधी/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |
| | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण :

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

सिद्धिचरण नगरपालिकाको कार्यालय

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु । साथै करारमा उल्लिखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| | | |
|---|---|---|
| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत : |
| दायाँ | बायाँ | |
| | | मिति : |
| **कार्यालयले भर्ने** | | |
| भौचर/रसिद नं. : | रोल नं. | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत :<br>मिति : | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको<br>दस्तखत :<br>मिति : |

**द्रष्टव्य :** दरखास्तसाथ सूचनामा उल्लिखित लगायत निम्न लिखित कागजातहरुको प्रतिलिपि अनिवार्य रुपले उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाइसेन्स) को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्ने भएमा सो समेतको प्रतिलिपि आदि ।

उम्मेदवारले अन्तरवार्ता दिन आउँदा समेत उल्लिखित सम्पूर्ण कागजात तथा प्रमाणपत्रको सक्कल समेत साथमा लिई आउनु पर्नेछ ।

अनुसूची-३

(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**सिद्धिचरण नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ओखलढुङ्गा**

**कोशी प्रदेश, नेपाल**

पासपोर्ट साईजको फोटो

**<u>प्रवेश-पत्र</u>**

**<u>परीक्षार्थीले भर्ने :</u>**

(क) विज्ञापन नं. :

(ख) नाम, थर :

(ग) पद :

(घ) तह :

(ङ) रोल नं. :

(च) उम्मेदवारको दस्तखत :

**<u>नगर कार्यपालिकाको कार्यालयले भर्ने :</u>**

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

| ............................. | ............................. |
|---|---|
| (कर्मचारीको दस्तखत) | (कार्यालयको छाप) |

---

अनुसूची-३

(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**सिद्धिचरण नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ओखलढुङ्गा**

**कोशी प्रदेश, नेपाल**

पासपोर्ट साईजको फोटो

**<u>प्रवेश-पत्र</u>**

**<u>परीक्षार्थीले भर्ने :</u>**

(क) विज्ञापन नं. :

(ख) नाम, थर :

(ग) पद :

(घ) तह :

(ङ) रोल नं. :

(च) उम्मेदवारको दस्तखत :

**<u>नगर कार्यपालिकाको कार्यालयले भर्ने :</u>**

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

| ............................. | ............................. |
|---|---|
| (कर्मचारीको दस्तखत) | (कार्यालयको छाप) |

सिद्धिचरण नगरपालिकाको कार्यालय